**मस्यौदा**

# विपद् सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक

<u>**प्रस्तावना:**</u> विपद सम्बन्धी कार्यलाई व्यवस्थित गर्न केही नेपाल ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यस ऐनको नाम "विपद सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>**विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ मा संशोधन**</u>ः विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को,-

(१) दफा ३३ पछि देहायको दफा ३३क. थपिएको छः-

"**३३क.** <u>**गम्भीर प्रकृतिको विपद् व्यवस्थापन सम्बन्धी विषेश व्यवस्था**</u>ः (१) गम्भीर प्रकृतिको विपद्बाट मृत्यु भएका व्यक्तिको शव खोजतलास, भण्डारण तथा परिवारलाई हस्तान्तरण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।"

(२) दफा ३९ को उपदफा (२) को खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छः-

"(ख१) विपद्बाट बेपत्ता हुनेको परिवारलाई उपलब्ध गराउनु पर्ने न्यूनतम राहत सम्बन्धी।"

३. <u>**मुलुकी देवानी संहिता, २०७४ मा संशोधन**</u>ः मुलुकी देवानी संहिता, २०७४ को दफा ४० को,-

(१) उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (३) पछि देहायको खण्ड (४) थपिएको छः-

“(४) प्रचलित कानून बमोजिम नेपाल सरकारले अवधि तोकी विपद् संकटग्रस्त क्षेत्र घोषणा गरी वा नगरी खोज उद्धार कार्य गरेकोमा संकट ग्रस्त क्षेत्र घोषणा गरेको अवधि वा खोज तथा उद्धार कार्य समाप्त भएपछि।”

(२) उपदफा (४) पछि देहायको उपदफा (४क) थपिएको छः-

“(४क) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (४) बमोजिम विपद् संकट ग्रस्तक्षेत्र घोषणा गरी वा नगरी खोज तथा उद्धार गर्नुपर्ने अवस्थामा त्यस्तो विपद्मा परी बेपत्ता भएका व्यक्ति फेला नपरेमा प्रचलित कानून बमोजिम नेपाल सरकारले निर्णय गरेको अवस्थामा मृत्युको न्यायिक घोषणा गरिरहनु पर्ने छैन।”

४. **राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ मा संशोधनः** राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को,-

(१) दफा १८ को खण्ड (ख) पछि देहायका खण्ड ख१. र (ख२.) थपिएका छन्:-

"(ख१) खण्ड (ख) बमोजिमको सूचक नभएको अवस्थामा सम्बन्धित व्यक्तिको प्रचलित कानून बमोजिमको संरक्षक वा माथवरले वा त्यस्तो व्यक्ति नभएमा स्थानीय तहको प्रमुख वा सम्बन्धित वडा अध्यक्षले,

(ख२) विपद्बाट मृत्यु वा वेपत्ता भएको विदेशी नागरिकको हकमा नेपालस्थित वा नेपाल हेर्ने गरी तोकिएको सम्बन्धित मुलुकको दुतावास वा नियोगले।"

(२) दफा २९ पछि देहायको दफा २९क. थपिएको छः-

"२९क. **विपद्बाट बेपत्ता व्यक्तिको घटना दर्ता सम्बन्धी विशेष व्यवस्थाः** (१) विपद्बाट बेपत्ता भएका व्यक्तिको खोजतलास गर्दा फेला नपरेको अवस्थामा प्रचलित कानून बमोजिम विपद् सङ्कट ग्रस्तक्षेत्र घोषणाको अवधि समाप्त भएपछि वा खोज तथा उद्धार कार्य समाप्त भएपछि दफा १८ को उपदफा (१) को खण्ड (ख), (ख१) वा (ख२) बमोजिमको व्यक्तिले स्थायी ठेगाना वा अस्थायी बसोबास रहेको स्थानीय तह वा घटना घटेको स्थानीय तहको पञ्जिकाधिकारीको कार्यालयमा देहायका कागजात सहित मृत्यु दर्ताको लागि सूचना दिन सक्नेछः-

(क) मृतकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि (नागरिकता बनेको भएमा),

(ख) सूचकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(ग) मृतक विदेशी नागरिक भएमा सूचक र मृतकको राहदानी, प्रवेशाज्ञा तथा घटना घटेको स्थानीय तहको सिफारिस,

(घ) सूचक दुतावास वा नियोग भएको अवस्थामा त्यस्तो दुतावास वा नियोगको सिफारिस पत्र,

(ङ) प्रचलित कानून बमोजिम मृतक घोषणा सन्दर्भमा नेपाल सरकारले गरेको निर्णय।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि वेदेशी मुलुकको व्यक्तिको मृत्यू भएको अवस्थामा घटना घटेको स्थानीय तहको सम्बन्धित स्थानीय पञ्जिकाधिकारी समक्ष सूचना दिनु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम सूचना प्राप्त भएमा स्थानीय पञ्जिकाधिकारीले मृत्यु दर्ता गरी प्रमाणपत्र दिनेछ।